# भाग ४

## श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको

### सूचना १

श्री ५ को सरकारले मिति २०४५।६।२१ को निर्णयानुसार मन्त्रिपरिषद् सचिवालय प्रधानमन्त्रीको कार्यालयका अतिरिक्त सचिव श्री देवेन्द्रबहादुर प्रधानलाई निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी सोही कार्यालयको सचिव पदमा कायम मुकायम मुकरर गरेको छ।

### सूचना २

शिक्षा तथा संस्कृति मन्त्रालयका सचिव डा. नरसिंहनारायण सिंह, स्वास्थ्य परीक्षण गर्नका लागि थाईल्याण्डको बैंककतर्फ जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका अतिरिक्त सचिव श्री रमेशजंग थापालाई मिति २०४५।१०।२ देखि कायम मुकायय मुकरर गरेको छ ।

### सूचना ३

निजामती सेवा नियमावली, २०२१ को नियम ७ क २ को उपनियम (१) को प्रतिबन्धात्मक वाक्यांशबमोजिम श्री ५ को सरकारले कानून तथा न्याय मन्त्रालयका सचिव श्री ईश्वरबहादुर श्रेष्ठको विशिष्ट श्रेणी (न्याय सेवा) को पाँच वर्षको अवधि मिति २०४५।१०।२ मा पुगेकोले २०४५।१०।३ देखि ३ (तीन) वर्षको अवधि थप गरेको छ ।

### सूचना ४

कानून तथा न्याय मन्त्रालयका सचिव श्री ईश्वरबहादुर श्रेष्ठ २०४५।१०।७ देखि ११ गतेसम्म इण्डोनेशियाको जाकर्तामा हुने "हिन्द महासागरीय सामुद्रिक कार्यसम्बन्धी सहयोग"को कानून समितिको दोस्रो बैठकमा भाग लिन जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री गजेन्द्रमणि प्रधानलाई मिति २०४५।१०।६ देखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले,
कर्णध्वज अधिकारी
श्री ५ को सरकारको मुख्य सचिव

32C



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।